# त्रिपुरासुन्दरी नगरपालिकाको वार्षिक निति तथा कार्यक्रम  २०७६।०७७

*<u>२०७६ साल अषाढ १० गते</u>*

**आदरणिय सभाध्यक्ष ज्यू र पार्षदहरु**

त्रिपुरासुन्दरी नगरपालिकाको नगर उप प्रमुखको हैसियतले यस सम्मानित तेस्रो नगर सभा समक्ष आगामी आर्थिक वर्ष २०७६/०७७ को नीति तथा वजेट कार्यक्रम प्रस्तुत गर्न पाउदा अत्यन्त गौरवान्वित भएको छु । यस अवसरमा राजनीतिक परिवर्तनका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहितहरुप्रति श्रद्धान्जली व्यक्त गर्दछु । त्यसै गरी राष्ट्रियता, स्वाधिनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिका लागि सङघर्ष गर्नुहुने महान् नेपाली नागरिक र त्यसको सबल एवम् सक्षम नेत्रृत्व गर्नहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वप्रति हार्दिक सम्मान प्रकट गर्न चाहान्छु ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस नगरपालिकाको नीति,कार्यक्रम तथा बजेट घोषणा सभालाई ओजपुर्ण ,समावेशी, सहभागितामुलक र सफल बनाउन पाल्नु हुने प्रमूख अतिथि, विशेष अतिथि, अतिथिहरु, बुद्धिजिवि, समाजसेवी,नागरिक समाज, उद्योगपति, व्यापारी, पत्रकार, सन्त महन्तहरु, शिक्षक, सुरक्षाकर्मी लगायत नगरवासीहरुमा त्रिपुरासुन्दरी नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

लामो सङ्घर्षपछि नेपाली जनताको चाहना अनुरुप सङ्घीय स्वरुपको समावेशी जनप्रतिनिधिमूलक राज्य प्रणाली अन्तरगत गाउँ गाउँमा सिँहदरवारले शनैः शनैः सार्थकता पाउदै गएको छ भने जनताले आधारभुत सेवा सुविधाको महसुस गर्न थालेका छन । जनताको अभूतपूर्व साथबाट नगरले उपलब्ध स्रोत साधनको भरपुर उपयोग गरि नगरले समृद्धिको यात्रा सडक सन्जालको विस्तार र व्यवसायिक कृषि प्रर्णालीको अवलम्वनबाट सुरु गरेको छ ।

हामी त्रिपुरासुन्दरी नगरपालिकामा स्थानीय सरकारको रुपमा रही यो कार्यक्रममा तेस्रो पटक विनियोजित वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षविभोर भएका छौ । संविधानले व्यवस्था गरे अनुरुप गाउँ गाउँमा सिहदरवार हाम्रा लागि अवसर र चुनौति दुबै भएपनि स्थानिय सरकारको हैसियतले कानुन अनुसार अधिकार बजेट स्रोत साधन उत्तरदायित्व जवाफदेहितालाई केन्द्र विन्दुमा राखेर जनताको भावनाको कदर गर्ने कार्यमा हामी निरन्तर प्रयासरत छौ यो अवसर उपलब्ध गराउन जिवन आहुती दिने सम्पूर्ण महान ज्ञात अज्ञात सहिदहरु जनआन्दोलका घाइतेहरु र द्वन्द पिडितहरु सवैलाई सम्मान र आदर व्यक्त गर्दछु ।

*सभाध्यक्ष महोदय,*

म त्रिपुरासुन्दरी नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१) विगत दुई वर्ष देखि यस त्रिपुरासुन्दरी नगरपालिकाको स्थानीय सरकारले विकट भौगोलिक अबस्थितिमा रहेको यहाँका सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमाका साथै योजना कार्यन्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित यस क्षेत्रको माटो सुहाउँदा कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको चरम गरिवी न्युनिकरण गर्ने प्रमुख नीति लिदै आएको छ ।

२) डोल्पा जिल्ला राष्ट्रिय सडक सञ्जालमा जोडिएको छ । यस नगरपालिका भित्रका विभिन्न वडा,बस्तीहरुमा कच्ची सडकले जोडतोडले काम भैरहेको छ आ.व ०७५।०७६ को अन्त सम्ममा खदाङ देखि फुल्चिङ सम्म ३ हजार मिटर, खदाङ देखि ल्हाँ सम्म २ हजार ७ सय मिटर, मदु देखि रुम सम्म २ हजार मिटर, सुपानी देखि सूँ र जिउँ ५ हजार मिटर, पातेहाल्ना देखी छल सम्म १ हजार ५ सय मिटर मोटरबाटो खन्ने कार्य सम्पन्न भएको छ भने पातेहाल्ला देखि पाहाडा एअरपोर्ट सम्मको मोटर बाटो विस्तार गर्ने कार्य धमाधम भैरहेको छ र केही वडा तथा बस्तीहरुमा मोटर बाटो निलापहिरादेखि तामेगाड हुँदै छलसम्म र हुमदेखि बन्तडी सम्म प्रदेश सरकार र नगरको ६० र ४० प्रतिशतको साझेदारीमा सडक खण्ड निर्माणकार्यका लागि टेण्डर आहवान भै सकेको छ । नगर क्षेत्रमा आगामी आ.व.मा मोटरबाटोको स्तरोन्नति गरी ग्राबेलिङ्ग गर्ने कार्य सम्पन्न गरिने छ भने आ.व. ०७७/०७८ भित्र नगरभित्रको मोटरबाटो कालोपत्रे गर्ने कार्य सम्पन्न गरिने छ । र सहरी विकासको लागि गुरु योजना तयार गर्ने काम आ.व ०७६।०७७ मा सम्पन्न गरिने छ भने बाँकी सडक सञ्जालले नछोएका बस्तीहरु वडा नँ १ को करेलीकाँडा र वडा नँ २ को रसीलाई सडक पुराउनका लागि प्रदेश सरकारसंग समन्वय गरी जोडकोषको व्यवस्था गरिएको छ ।

३) बाँच्न पाउनु नागरिकहरुको नैसर्गिक अधिकार हो । यसका लागि स्वास्थ्य उपचार आधारभूत आवश्यकता भएकोले स्वास्थ्य उपचार सेवा सर्वसुलभ, सहज, भरपर्दो र सस्तो होस भन्ने अभिप्रायले यस नगरको वडा नं. ०१ त्रिपुराकोट वगरमा पन्ध्रसैयाको अस्पताल स्थापनार्थ संघिय सरकार समक्ष आवश्यक पहल गरिने छ । साथै स्वास्थ्य चौकी नभएका ५ नं., २ नं., ४ नं., ९ नं., ११ नं. र ८ नं. वडाहरुमा वडा स्तरिय स्वास्थ्य सेवा केन्द्र स्थापनाका लागि भवन निर्माणका निमित्त टेन्डर आहवान भैसकेको छ ।

४) **शिक्षा तथा सामाजिक विकास तर्फ**

क) आगामी शैक्षिक सत्रदेखि लागू हुने गरी यस नगरको पञ्चवर्षीय योजना तर्जुमा गरी लागू गरिनेछ ।

ख) यस नगरभित्रका सबै बाल विकास कक्षा तथा बाल विकास केन्द्रका सहजकर्ताहरुको खाइपाइ आएको पारिश्रमिक मा मासिक रु ४००० थप गरिनेछ ।

ग) यस नगर भित्रका सम्पूर्ण विद्यालयका सेवा क्षेत्रमा विद्यालय उमेरका बालबालिकाहरुलाई विद्यालयमा अनिवार्य भर्ना गर्ने गराउने गरी आगामी शैक्षिक सत्रमा अभियान सञ्चालन गरिनेछ र विद्यालयमा टिकाउ गर्ने र कक्षा १० सम्म अनिवार्य अध्ययन गर्नु पर्ने वातावरण सिर्जना गर्ने र कथंकदाचित विद्यालयबाट घर फिर्ता गर्ने वा विद्यालय नपठाउने अभिभावकलाई नगरबाट पाउने सेवा सुविधाहरु रोक्का गरिने र विद्यालय भर्ना नभएका समुदायमा बाकि रहेका विद्यालय उमेरका बालबालिकाहरुको नामनामेशी सहित अभिलेख राख्ने र त्यस्ता बालबालिकाहरुलाई विद्यालय ल्याउने वातावरण सिर्जना गरि समतामूलक पहुँचको सुनिश्चितता गरिनेछ ।

घ) विद्यालयमा विद्यार्थीसंख्याको आधारमा हाल विद्यमान रहेको दरबन्दीको असमानतालाई यसै शैक्षिक सत्रको अन्त सम्ममा न्यायोचित ढंगबाट समाधान गरिनेछ ।

ङ) यस नगरभित्रका सम्पूर्ण वडाहरुबाट साक्षर तथा निरक्षरहरुको नामनामेशी सहितको विवरण संकलन गरी प्राप्त तथ्यांकका आधारमा यसै बर्ष यही मञ्चबाट आजका मितिदेखि **"साक्षर त्रिपुरासुन्दरी नगरपालिका"** घोषणा गरिनेछ र साथसाथै साक्षरताकक्षाहरुपनि प्रत्येक वडामा यसै वर्ष सञ्चालन गरिनेछ ।

च) यस नगर भित्रका विद्यालयहरुमा जेष्ठताका आधारमा विद्यालय विकास प्रस्तावका साथ प्र.अ. छनोट कार्य अघि बढाइ काम र नतिजाको आधारमा नगरबाट विद्यालय विकासको लागि आर्थिक सहयोग गरिनेछ शिक्षा कार्यविधि बमोजिम छनोट भएका प्र.अ.हरुको प्र.अ.भत्तामा साबिकको भन्दा ४ देखि ५गुणा बढी थप गरिनेछ ।

छ) विद्यालय सुधार योजना निर्माण र शैक्षिक तथ्यांक प्रविष्टी गर्ने कार्यका लागि आगामी शैक्षिक सत्रको सुरुमै प्र.अ.हरुलाई पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ ।

ज) विद्यालय नक्शांकन र भौगोलिक दूरता तथा शिक्षक विद्यार्थीको अनुपातअनुसार विद्यालय गाभ्ने प्रक्रियालाई यसै शैक्षिक सत्रको अन्त सम्मअघि बढाइनेछ ।

झ) प्रारम्भिक पढाइ कार्यक्रम राष्ट्रिय अभियान भएकाले यस नगरभित्र सञ्चालित प्रारम्भिक कक्षामा पढाइ सीप विकास मार्फत गुणस्तर सुनिश्चित गर्न शसर्त अनुदान बाहेक यस नगरको स्रोतबाट व्यहोर्ने गरी अभिभावक बैठक सञ्चालन, पढाइ मेला सञ्चालन,शिक्षक पुनर्ताजगी तालिम जस्ता कार्यक्रमहरु यस नगरका ५ स्थानमा सञ्चालन गरिनेछन् ।

ञ) यस नगरभित्रका बालविकास केन्द्र तथा कक्षामा अध्यापन गर्दै आएका सहजकर्ताहरुलाई मन्टेश्वरी तालिमको व्यवस्था गरी हरेक वर्ष ७ जना छनोट गरी यसै नगरपालिकामा तालिमको व्यवस्था गरिनेछ । यो कार्यक्रम ५ बर्ष भित्र सम्पन्न गरिनेछ ।

ट) यस नगरभित्रका आधारभूत तहका प्र.अ.हरुलाई आगामी आर्थिक वर्ष देखि कम्प्युटर आधारभूत तहको कोर्षको तालिमको व्यवस्था गरिने छ र सोही आ.व. देखि नेपाल सरकारद्धारा दिइदै आएको प्र.अ. भत्तामा रु ५०० सबै तहका प्र.अ.हरुलाई मासिक रुपमा थप गर्ने व्यवस्था गरिएको छ ।

ठ) यस नगर भित्रका ३२ वटा विद्यालयहरुमा कामकाज गर्दै आएका विद्यालय सहयोगीहरुलाई आगामी आर्थिक वर्ष २०७६/०७७ देखि मासिक रु १००० एक हजार खाइपाई आएको पारिश्रमिकमा थप गरिने व्यवस्था मिलाइएको छ ।

ड) विद्यालयमा रहेका भौतिक पूर्वाधारहरुको विकास निर्माण,जिर्णोद्धार तथा मर्मत कार्यलाई आवश्यक्ताका आधारमा हरेक बर्ष छनोट गरी कार्य अघि बढाइनेछ ।

ढ) नेपाल सरकार तथा प्रदेश सरकारको एक स्थानीय तह एक नमूना विद्यालय र एक प्राविधिक तथा व्यावशायिक धारको विद्यालयको अवधारणा अनुरुप श्री जनप्रभा मा.वि. लिकु सिभिल इन्जिनियरिङ्ग श्री त्रिपुराकोट मा.वि. मदुलाई नमूना विद्यालय श्री सरस्वती मा.वि.सुँलाई विज्ञान संकायको कक्षा ११र १२ सञ्चालन गर्ने गरी पहल गरिनेछ ।यसका लागि विज्ञान प्रयोगशाला व्यवस्थापनका लागि नगरकोषबाट जोडकोषको व्यवस्था गरिनेछ ।

ण) माध्यमिक शिक्षक सहयोग अनुदान विगत वर्ष जस्तै यस बर्ष पनि निरन्तरता दिइनेछ।

त) राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका लागि विद्यालय व्यवस्थापन अनुदान आगामी यस नगरबाट आ.व. २०७६/०७७ मा ९ वटा विद्यालयहरुमा रु २,००,००० दुई लाखका दरले अनुदान दिने व्यवस्था गरिएको छ । यो सहयोग अनुदान आ.व. २०७७/२०७८ मा १० वटा विद्यालयमा दिइनेछ ।

थ) नगरभित्र बर्षको ३ पटक पायक पर्ने स्थानमा वा नगरस्तरीय अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछन् ।

द) उत्कृष्ट सिकाइ उपलब्धी हाँसिल गर्ने विद्यालयहरुलाई तहगतरुपमा प्रोत्साहन स्वरुप पुरस्कृत गर्ने, कमजोर सिकाइ उपलब्धी हाँसिल गर्ने विद्यालयलाई एक बर्षका लागि कुन क्षेत्र सुधार गर्नुपर्ने हो, माग गर्न लगाई आवश्यक आर्थिक सहयोग गरिनेछ ।

ध) आधारभूत तह र माध्यमिक तहको अन्तिम परीक्षामा उत्कृष्ट अंक ल्याउने छात्र छात्रालाई पुरस्कृत गर्ने ,विद्यालयलाई पनि केही आर्थिक सहयोग गर्ने र वर्ष

उत्कृष्ट शिक्षक, उत्कृष्ट प्र.अ.र उत्कृष्ट वि.व्य.स.अध्यक्ष र अभिभावक समेतलाई पनि पुरस्कार तथा सम्मानको व्यवस्था प्रत्येक बर्ष गरिनेछ ।

न) यस नगरमा सञ्चालित एक मात्र क्याम्पस लिकू संयुक्त क्याम्पसको दिगो सञ्चालनका लागि नगरले थप आर्थिक सहयोगको क्षेत्र हेरी गर्ने विद्यार्थीहरुलाई नियमित अध्ययन गर्ने वातावरण सिर्जना गर्न विषय शिक्षकहरुको व्यवस्थापन तर्फ पहल गरिनेछ ।

प) नगर अन्तरगत सञ्चालित विद्यालयको सही सञ्चालन,शैक्षिक गुणस्तर बृद्धि गर्न मौजुदा अवस्थामा नगरले बजेट व्यवस्था मात्र गरिरहने हो भने अपेक्षित उपलब्धि हाँसिल हुन सक्दैन । अतः विद्यार्थी संख्या, विद्यालयको बीचको दूरी, विद्यालय सञ्चालनको अवस्था, विद्यालयको उपलब्धि र शिक्षक विद्यार्थीको उपस्थिति लाई आधार मानी नगर शिक्षा समितिले एक अध्ययन कार्यदल गठन गरी विद्यालय गाभ्ने र दरबन्दी मिलान गर्ने कार्य आगामी आ.व. भित्र सम्पन्न गरिने छ ।

फ) राष्ट्रपति रनिङ्ग शिल्ड सञ्चालन गर्न सक्ने क्षमता भएको खेलमैदान विकासका लागि १० रोपनी जग्गा अधिग्रहणका साथै नगरस्तरीय रङ्गशाला निर्माणको लागि बजेटको व्यवस्था गरिएको छ ।

ब) विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि विद्यालयहरुलाई सूचना सञ्चार तथा प्रविधिमैत्री बनाउन अनुमानित २ करोडको बजेट यसै नगर सभा मार्फत प्रदेश सरकार संग समन्वयात्मक ढंगबाट व्यवस्था गरिनेछ ।

५) राष्टिय अर्थतन्त्रको मुख्य मेरुदण्ड कृषि हो । आयआर्जन र गरिवि निवारणको भरपर्दो स्रोत कृषि भएकोले विगत आ.व ०७४।०७५ देखि यस नगर अन्तरगतका सबै वडाहरुमा व्यवसायिक फलफुल खेती गर्ने नीति अवलम्वन गरिए अनुरुप नगरको कुल बजेटको ठुलो हिस्सा कृषिमा लगानी गरिएको र आ.व ०७५।०७६ सम्म निरन्तर लगानी गरिदै आएको छ भने आ.व. ०७६।०७७ एक घर एक कम्पोष्ट मलको खाडल नीति अवलम्वन गरि यसका लागि बजेट समेत विनियोजन गरिएको छ । यस बाट किसानहरुको आउदो पाँच बर्ष भित्र गरिवी निवारण हुने अपेक्षा गरिन्छ ।

६) यस नगरक्षेत्रलाई सूचना मैत्री बनाउने उद्देश्यले नगर अन्तरगत संचालित सवै मा.वि.हरुमा वेवसाइट संचालनका साथै नगर क्षेत्रमा रहेका स्वास्थ्य चौकी र मा.वि.हरुमा ग्रुप एस.एम.एस को व्यवस्था गरेर सुचना तथा संचार कार्यलाई सरल र सहज बनाउने नीति अवलम्वन गरिएको छ ।

७) गरिवी निवारणको अर्को स्रोत पशुपालनलाई आयमुलक तथा व्यावसायिक बनाउन नस्ल सुधार गरी पशुपालन गर्ने कार्यक्रम अवलम्वन गरिने छ । मासु तथा दुध उत्पादनका लागि कार्ययोजना सहितको पकेट क्षेत्र घोषणा गरि सोही अनुरुप व्यवसाय संचालन गर्न किसानहरुलाई उत्प्रेरित गरिनेछ ।

८) महिला, अपांग, जेष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र महिला तथा लैङिगक हिँसाको न्यूनिकरण, बालबालिकाको अधिकारको सुनिश्चित गर्नका लागि महिला सशक्तिकरण आर्यआर्जन तथा सिपमुलक तालिमको व्यवस्थाको साथै ५ वर्ष मुनिका बालिकाहरुको लागि बचत खाता संचालन गर्न प्रति बालिका रु. १ हजारको दरले अनुदान दिने व्यवस्था गरिएको छ ।

९) नगरको विकास र समृद्धिको आधार नै आन्तरिक आर्थिक स्रोत हो यो स्रोतको मुख्य आधार कर हो । कर तिर्नु नागरिकको प्रमुख दायित्व र कर्तव्य हो । कुनै पनि नागरिक करको दायित्व बाट पन्छिन पाउदैन । त्यसैले आम्दानीको प्रमुख स्रोत कर हुने भएकोले यो आ.व. लाई कर संकलन वर्षको रुपमा मनाइ नगरको आन्तरिक स्रोत वृद्धि गरि नगरबासिहरुको जीवन समृद्ध र सवल बनाउने पवित्र लक्ष्य लिई **"हजुरले तिरेको कर नगरबासीहरुको समृद्धिको आधार"** भन्ने यो आदर्श वाक्यलाई सफलभूत पार्न नगर सभा मार्फत प्रतिवद्धता गर्दै यो वर्षलाई कर वर्षको रुपमा मनाइने छ ।

१०) स्थानिय तहमा कार्यरत सहायक स्तरका कर्मचारीहरु लाई साविकको तलव स्केलको २० प्रतिशत तथा अधिकृत स्तर र सो भन्दा माथिका कर्मचारीहरु लाई साविकको तलव स्केलको १८ प्रतिशत संघिय सरकारले वृद्धि गरे संगै यस स्थानिय तहका माथि उल्लेखित दुबै स्तरका कर्मचारीहरुलाई सोही प्रतिशतमा तलव वृद्धि गरिएको छ ।

११) नेपाल सरकारको राष्टिय नीति अनुसार सन २०२० सम्म विद्युतिय सु शासन प्रणालीमा प्रवेश गरि सक्ने भन्ने मुल मन्त्र अनुसार यस त्रिपुरासुन्दरी नगरपालिका लाई इन्टरनेटको भरपुर प्रयोग गरी सफ्टवेर मार्फत लेखा, सुचना तथा संचारका कार्यहरु लाई चुस्त दुरुस्त बनाउनु साथै अध्यावधिक गरिनेछ । साथै आर्थिक प्रशासनलाई पादर्शिता र जवाफ देहिताका साथ फलदायि बनाउने नीति अवलम्वन गरिदै आएको छ । र वडा हरुलाई पनि आर्थिक पादर्शिता लाई जिम्मेवारीका साथ विकासमा लागाउन प्रेरित गरिने छ ।

१२) राजस्व बाडफाड र आन्तरिक स्रोतबाट कार्यालय संचालनसंग सम्वन्धित तलव, भत्ता, मसलन्द, मर्मत, सम्भार, इन्धन, संचार, घरभाडा, नगर प्रहरी व्यवस्थापन, पदाधिकारी सेवा सुविधा, न्यायिक समिति, आदिको व्यवस्था गरिनेछ ।

१३) नगर भित्र रहेका देशका कर्णधार मानिने बेरोजगार युवाहरुको वास्तविक तथ्यांक संकलन गरी रोजगारिका अवसरहरु सिर्जना गर्न नेपाल सरकारको नीति बमोजिम प्रतिभा पलायन हुन रोक लगाउने लक्ष्यका साथ प्रधानमन्त्रि रोजगार कार्यक्रम मार्फत यस नगरमा आवेदन दिएका वेरोजगार युवाहरुको प्रतिभा, सिप, क्षमता, रुचीमा आधारित सिपमुलक र आयमुलक तालिमहरु संचालन गरि रोजगारका अवसरहरुको प्रत्याभुति गरिने छ ।

१४) माथि नसमेटिएका पूर्वाधार तथा सामाजिक विकाससंग सम्वन्धित विषय क्षेत्रहरुलाई वडामा विनियोजित बजेटको साथै विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था लगायत विभिन्न दातृ निकायबाट सम्वोधन गरिने छ।

*तेस्रो नगरसभाको सभाध्यक्ष ज्यूको अनुमतीबाट आ.व ०७६।०७७ को बजेट प्रस्तुत गर्न चाहान्छु।*

**कुल बजेटः ३३ करोड ९२ लाख २८ हजार ८६**

१) ससर्त तर्फः १६ करोड ७२ लाख

२) वित्तिय समानिकरण तर्फः ८ करोड ८१ लाख

३) राजस्व बाडफाँड तर्फः ५ करोड ६७ लाख

४) पर्यटन पर्वतारोहणबाट पाप्त अनुमानित रोयल्टी बाडफाडः ५ हजार ७ सय २६

५) संरक्षित क्षेत्र वन तर्फः ३५ लाख ५७ हजार २ सय १०

६) कर्णाली प्रदेशको वित्तिय समानिकरण तर्फः ९९ लाख ७९ हजार

७) कर्णाली प्रदेशको राजस्व बाडफाड तर्फः ३ लाख ४७ हजार

८) आन्तरिक स्रोत तर्फः १ करोड ३३ लाख ९३ हजार १ सय ५०

त्रिपुरासुन्दरी नगरपालिका

*सभाध्यक्ष महोदय,*

अव म विनियोजित वजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१) एक घर एक कम्पोष्ट मल खाडलका लागिः १ करोड १० लाख

२) अंगुर र स्याउ अनुदानः ५० लाख

३) सहरी विकास गुरु योजना तथा नीति निर्माणः २० लाख

४) विस्तृत आयोजना प्रतिवेदन खर्च (डि पी आर): १० लाख

५) त्रिपुरासुन्दरी नगर स्थित त्रिपुराकोट वगर, बजार सडक ग्रावेल तथा स्तरोन्नती : २० लाख

६) नगर स्तरिय रंगशाला निर्माण क्रमागत (बहुवर्षिय): ४० लाख

७) शिक्षा क्षेत्र विकासः ८४ लाख ६२ हजार ८ सय ७०

८) कृषि तर्फः ८ लाख १० हजार

९) पशु तर्फः २७ लाख ६० हजार

१०) महिला, बालबालिका तर्फः २० लाख

११) प्राविधिक औजार खरिदः १० लाख

१२) सूचना प्रविधि तर्फः ९ लाख

१३) तल्लो घट्को घटेखोला स्यालतडी हुदै सुपानी सम्म खानेपानीः १५ लाख

१४) स्वास्थ्य तर्फः ५१ लाख ७३ हजार

१५) नगर स्तरिय कोल्ड स्टोर क्रमागतः १५ लाख

१६) भैपरी तर्फ : ३८ लाख ६६

१७) प्रत्येक वडा स्तरबाट छनोट भएका विविध योजनाका लागि ३० लाखको दरलेः ३ करोड ३० लाख

१८) लक्षित वर्ग (समावेशी): १५ लाख

१९) जोड कोष(म्याचिङ फन्ड) तर्फः १ करोड २५ लाख

२०) ५ वर्ष मुनिका बालिका बचत खाता संचालन तर्फ २ लाख ३६ हजार

२१) मुकुटेश्वर तिर्थस्थल जलधारा निर्माण (क्रमागत) १५ लाख

२२) चालु तर्फ नियमानुसारका खर्च शिर्षकहरुमा विनियोजित रकम रु. ७ करोड ४ लाख ४० हजार १ सय पचास

अन्तमा प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम सम्वन्धमा प्राप्त हुने सुझाबहरु लाई शिरोधार्य गर्दै प्रभावकारी कार्यन्वनको पक्षमा लाग्ने प्रतिवद्धता व्यक्त गर्दै यस तेस्रो नगर सभामा पाल्नुहुने प्रमुख अतिथि, विषेश अतिथि, अतिथि लगाएत उपस्थित सम्पूर्ण विशिष्ट व्यक्तिहरुलाई हार्दिक धन्यवाद दिदै विदा हुन्छु नमस्कार, धन्यवाद ।

**धन्यवाद**

<u>प्रस्तुतकर्ता</u>

चन्द्रा कुमारी बुढा

उप प्रमुख

त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा

त्रिपुरासुन्दरी नगरपालिका